# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## देवघाट गाउँपालिका
## तनहुँ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ५०

मितिः २०७९।३।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
देवघाट गाउँपालिका, देवघाट गाउँकार्यपालिकाको कार्यालय,
तनहुँ ।

**कैफियत सहितको राय**

हामीले देवघाट गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.१ करोड ७८ लाख ६४ हजार बेरुजू देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियाबाट रू.१ लाख ९७ हजार फस्योंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.५२ लाख ८० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रू.२८ लाख ३२ हजार, नियमित गर्नुपर्ने रू.४१ लाख ८८ हजार र पेश्की रू. ५३ लाख ६७ हजार रहेको छ । पालिकाको गतवर्ष रु १ करोड ९३ लाख ८३ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ३ करोड ७० लाख ५० हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

देवघाट गाउँपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४९ | ४० | १७८६४ | ० | ३ | १९७ | ४९ | ३७ | १७६६७ | ५२८० | ४१८८ | २८३२ | ० | ० | ७०२० | ५३६७ |

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तनहुँ | १९३८३ | ० | ० | १९३८३ | ० | १७६६७ | ३७०५० |

**पुनश्च:** प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेश भएकोमा यथाशिघ्र सम्परीक्षण गरी सोको जानकारी गराईने व्यहोरा अनुरोध छ ।

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : देवघाट गाउँपालिका, तनहुँ , देवघाट गाउँपालिका , तनहुँ

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | Ramesh Subedi | २०७८-७-२६ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Narahari Sapkota | २०७७-४-१ | |
| लेखा प्रमुख | Umanath Dhakal | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | १७,८६३,८३९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ४,४७,०५,९८० | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २७,४७,२२,०८० | चालु खर्च | २४,३१,५०,१२७ |
| प्रदेश सरकारबाट अनुदान | २,६०,३२,००० | पूँजीगत खर्च | ९,७७,६०,६१९ |
| राजश्व बाँडफाँट | ५,७२,५०,३७४ | वित्तीय/अन्य व्यवस्था | ८,८१,३३,५७५ |
| आन्तरिक आय | १,६३,२६,५२० | | |
| अन्य आय | ६,६५,०३,९८६ | | |
| कुल आय | ४४,०८,३४,९६० | कुल खर्च | ४२,९०,४४,३२१ |
| बाँकी मौज्दात | | ५,६४,९६,६१९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस भानु नगरपालीको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ५ वडा ,१५९ व कि मी क्षेत्रफल र १६१३१ जनसंख्या रहेको यो गाउँपालिका गण्डकी प्रदेशमा अवस्थित छ । | |
| २ | | | **लेखापरीक्षण**<br>लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ । | |
| ३ | | | **वित्तिय विवरण** | |

| प्राप्तीभुक्तानी हिसाव | | | | |
|---|---|---|---|---|
| विवरण | टिप्पणी | यसवर्ष रु. | | |
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ४३९२३५२५२ | ९७३३७४८४ | ९७३३७४८४ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ३९६३५२६२० | ७३५७६८९५ | ७३५७६८९५ |
| ११००० कर | ११ | ७७६११६२० | ६८६५३८३९ | ६८६५३८३९ |
| १३००० अनुदान | | ३०६०४१००० | ० | ० |
| संघीय सरकार | १२ | २७७५०१००० | ० | ० |
| प्रदेश सरकार | १२ | २८५४०००० | ० | ० |
| १४००० अन्य राजस्व | | १२७००००० | ४९२३०५६ | ४९२३०५६ |
| ख. अन्य प्राप्ति | | ४२८८२६३२ | २३७६०५९० | २३७६०५९० |
| कोषहरु | | ४२८८२६३२ | २१३१२९६७ | २१३१२९६७ |
| धरौटी | | ० | २४४७६२३ | २४४७६२३ |
| भुक्तानी (ग+घ) | | ४९५३७०२४८ | ३५१२७५६७६ | ३५१२७५६७६ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४५२४८७६१६ | ३४०९१०७४६ | ३४०९१०७४६ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १५७०४४६६३ | १३९४००९३८ | १३९४००९३८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १०८२२७७१६ | ७९३९९७०८ | ७९३९९७०८ |
| २५००० सहायता (Subsidy) | १८ | २१३४५००० | १३८०२१११ | १३८०२१११ |
| २६००० अनुदान | १८ | ६५५८००० | २५९१८२० | २५९१८२० |
| २७००० सामाजिक सुरक्षा | १८ | ६३२९००० | ५७१६९९९ | ५७१६९९९ |
| २८००० अन्य खर्च | १८ | ७५८८६५० | २२३८५५० | २२३८५५० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १४५३९४५८७ | ९७७६०६२० | ९७७६०६२० |
| घ. अन्य भूक्तानी | | ४२८८२६३२ | १०३६४९३० | १०३६४९३० |
| कोषहरु | | ४२८८२६३२ | ८१०२५०७ | ८१०२५०७ |
| धरौटी | | ० | २३३३८१० | २३३३८१० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -७१,३८७ | -७१,३८७ |
| ङ. यो वर्षको बचत (न्युन) | | -५६१३४९९५.९१ | -२५३,९३८,१९२ | -२५३,९३८,१९२ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ४४,७०५,९८१ | ४४,७०५,९८१ |
| वर्षान्तिको बाकी रकम (ङ + च) | | -५६१३४९९५.९१ | -२०९,२३२,२११ | -२०९,२३२,२११ |
| | | | | |
| बैंक तथा नगद बाकी | २४ | | -२०६२२००१३.४४ | -२०६२२००१३.४४ |

अन्तरसरकारी हस्तान्तरण तर्फको आय व्यय विवरण

| आम्दानी शिर्षक | रकम रु | खर्च।निकासा | रकम रु |
|---|---|---|---|
| सामाजिक विकास मन्त्रालय | ९२२००० | सामाजिक विकास मन्त्रालय | ९२२००० |
| आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ४२०२५ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ४२०२५ |
| स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ५११६५५९ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ५११६५५९ |
| सामाजिक सुरक्षा तथा संरक्षण | ५२४४०८४८ | सामाजिक सुरक्षा तथा संरक्षण | ५२४४०८४८ |
| सामाजिक विकास मन्त्रालय | ८९८३४७ | सामाजिक विकास मन्त्रालय | ८९८३४७ |
| एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ७०८४२०७ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ७०८४२०७ |
| जम्मा | ६६५०३९८६ | जम्मा | ६६५०३९८६ |

४

**वित्तिय विवरणः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् :

· स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSASअनुरूप)म=ले=प=फा= नं= २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।

· स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेतापनि यस वाट प्राप्त वित्तिय प्रतिवेदनमादेहायको विवरण फरक परेकोले यसको वित्तीय प्रतिवेदनले आयव्ययको यथार्थता चित्रण गर्दैन।

· पालिकाले पेश गरेको वित्तिय विवरणमा धरौटी मौज्दात रु.३००१७६५।०० रहेकोमा सुत्रको वित्तिय प्रतिवेदनको अनुसुची १५ मा धरौटी मौज्दात रु.४३७७९१८।०० देखिन्छ।तसर्थ वित्तिय प्रतिवेदनले यथार्थ आयव्ययको अवस्था चित्रण गर्न सक्ने अवस्था छैन।

· पालिकाको गत वर्षको वैक तथा नगद मौज्दात रु.६८६१२८२८।२८ रहेकोमा सुत्रको वित्तिय प्रतिवेदनमा रु.१३०३९०८२७।८७ जिम्मेवारी सारेको देखिन्छ। वढी जिम्मेवारी सम्वन्धमा एकिन गर्नुपर्ने देखिन्छ।

· पालिकाले पेश गरेको वैक मौज्दात विवरणअनुसार आर्थिक वर्षको अन्तयमा देहायवमोजिम रु.५६४९६६१९।०० मौज्दात रहेकोमा सुत्रको वित्तिय प्रतिवेदनले रु.१९९०६४०६५।११ देखाएको छ।पालिकाको श्रेस्ता र वैक मौज्दात फरक परेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार गरी एकिन गर्नुपर्ने देखिन्छ।


https://nams.oag.gov.np

| क्र.सं. | खाताकोनाम | बैंकमौज्दात |
|---|---|---|
| १ | आन्तरिकराजस्व खाता | 0 |
| २ | बाँडफाडबाटप्राप्त राजस्व खाता | 0 |
| ३ | आन्तरिकअनुदान खाता | 0 |
| ४ | चालु खर्चखाता-जोर वर्ष | ५५११३४९.८८ |
| ५ | पूँजीगतखर्च खाता- जोर वर्ष | १७५३१३९५.८८ |
| ६ | स्थानीञ तहसञ्चित कोष खाता | २५०१८२५३.३३ |
| ७ | प्रकोपव्यवस्थापन कोष खाता | १८९६९९१.९९ |
| ८ | विविध खर्चखाता | ३२०१२९५.५ |
| ९ | विविध कोषखाता | ३३३७३३२.७२ |
| | कुल जम्मा | ५६४९६६१९.३० |
| | फिर्ता | २५०८३२५१.८२ |

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ

५

**आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन।

· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

· कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

· राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन ।

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।

· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक नगरेको,

· गाउँपालिका मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको

· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

· मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो।

· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू– जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।

· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

· संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

· पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमासो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।

· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

· सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

· वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वियनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।

· निजामती सेवा ऐन, 2049दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।

· वडावाट विभिन्न वैठकहरु वसी भत्ता भुक्तानी गरेकोमा वडागत वैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा वैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपुर्ण निर्णय नभएको तर वैठक भत्ता भुक्तानी गरेको,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ अनुसार स्थानीय तहले घर तथा जग्गा वहाल कर मात्र संकलन गर्नुपर्नेमा कार्यलयले गाडी भाडामा संकलन भएको भाडाकर, ढुवानीमा असुल भएको वहालकर आदिलाइ समेत आन्तरीक आम्दानीमा राखेकोमा उक्त कर संघीय सरकारको संचितकोषमा दाखिला गर्नुपर्नेमा गरेको छैन।

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगतनराखेकोकारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा विनियोजन हुन सक्ने देखिएको,
· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको,
· सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्थावा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण आदिको विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,
· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको,
· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ३ को दफा १२.५ मा एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकामा लगातार एक वर्षसम्म खाता निष्क्रिय भएमा लगत कट्टा गर्ने व्यवस्था रहेकोमा कार्यालयले लगत कट्टाको विवरण नराखेको साथै बैंक बाट निष्क्रिय खाताको विवरण माग गरी लगतको अद्यावधिक नगरेको, जसवाट निष्क्रिय भएका लाभग्राहिलाई समेत भत्ता जाने जोखिम देखिएको,
· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्थाभएकोमा उक्त समिति गठन नगरेको,
· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,
· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ घ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको,
· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,
· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,
· आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्वनियमावली बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिनर कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेको,

| | | | | |
|---|---|---|---|---|
| | | | · विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>· वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहलेनियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु= ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको,<br>· स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६ | | | **क्षेत्रगत वजेट र खर्चः**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ५०२४५००० | २७२९६९७९.७२ | ५४.३३ |
| सामाजिक क्षेत्र | १९९७६२३१० | १६७४८०८७१.७५ | ८३.८४ |
| पूर्वाधार विकास क्षेत्र | ९६४५४४९२.९१ | ६८४१७३६१.१२ | ७०.९३ |
| संस्थागत विकास, सेवा प्रवाह, वित्तीय व्यवस्थापन र सुशासन | १५६००००० | १०८२४७०७.१९ | ६९.३९ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ९०४२५८१३ | ६६८९०८२६.६२ | ७३.९७ |
| जम्मा | ४५२४८७६१६ | ३४०९१०७४६.४ | ७५.३४ |

| | | | | |
|---|---|---|---|---|
| ७ | | | **वैक हिसाव मिलान विवरण तयार नगरेकोः**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण (म=ले=प=फा= नं= | |

२७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएको देखिन्छ ।आर्थिक वर्षको अन्त्यमा ठुलो रकम खर्च गरेको कारण असार पछि समेत चेक साटिएको कारण असार महिनाको वैंक मौज्दात सँग फरक परेको देखिन्छ। अतः मासिक बैंक हिसाब मिलान विवरण तयार गरी श्रेष्ता अद्यावधिक गर्नुपर्दछ ।

८

**सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(PAMS) पुर्ण रुपमा प्रयोगमा नआएकोः**

पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन।पालिकाले सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(**PAMS**) पुर्ण रुपमा लागु गरी सार्वजनीक सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ।

९

**चौमासिक खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण वनाई केन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने केन्द्रिय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाको सुत्र सफ्टवेयरवाट त्रैमासिक प्रतिवेदन प्राप्त नहुने हुँदा सुत्रमा उपलब्ध हुनेचौमासिक विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। जसअनुसार पुजीगत खर्चमध्ये तेश्रो चौमासीकमा मात्र कुल खर्चको ६६ प्रतिशत खर्च भएको देखिन्छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासीक तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ

| बजेट उपशीर्षक | कुल खर्च | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | असार महिनाको खर्च |
|---|---|---|---|---|---|
| पुँजिगत खर्च | ९७७६०६२० | १३२३७५३८ | १९७९९४८० | ६४७२३६०२ | ३४०२९३०३ |
| खर्चको प्रतिशत | १०० | १४ | २० | ६६ | ३५ |

१०

**कानुन निर्माण तथा कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले आ व २०७७।७८ मा ४ ऐन, ७ नियमावली तथा मापदण्ड र ७कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

११

**सेवा प्रवाहः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता तथा मृत्यु दर्ता ७३७वटा, नाता प्रमाणित २३५वटा, घरवाटो शिफारिश ८०वटा, नागरीकता शिफारिश १२९वटा र अन्य २१३४वटा

| | | | | |
|---|---|---|---|---|
| | | | दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद, बसाई सराई, पञ्जीकरण दर्ता तथा सिफारिश सम्बन्धमा अभिलेख राखेको छैन । पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ । | |
| १२ | | | **करार सेवाः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई सम्बन्धि आदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ ।कार्यालयले भुक्तानी गरेको २०७७ चैत्र महिनाको तलव भुक्तानी विवरण अनुसार गाउपालिकातर्फ १४ जनाको मासिक रु३८१६२९।००, स्वास्थ्यतर्फ १२ जनाको मासिक रु३१७७६९।००, कृषितर्फ ५ जनाको मासिक रु१७१३७२ र नगर प्रहरीको मासिक रु.८०५३८ का दरले चाडपर्व खर्च समेत वार्षिक रु. १२३६७००४।०० खर्च लेखेको छ ।कार्यालयले सेवा करारमा राख्न नमिल्ने पद अधिकृत छैठौं १ जना, इन्जिनियर १ जना, कार्यालय साहायक चौथो ३ जना र कृषि प्राविधिक पदमा ५ जना करार नियुक्ति गरी तलव भत्ता खर्च लेखेको देखिन्छ।कार्यालयले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्थायी पदपुर्ती गर्ने पदमा स्थायी पदपुर्ती गर्नुपर्दछ । | |
| १३ | | | **योजना छनौट तथा कार्यान्वयनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन। | |

| क्र सं | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमका योजना | २९ | २२२२७४८।०४ |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | ६५ | १,७४४१९१०।७६ |
| ३ | रु ५ लाख एक देखि १० लाख सम्मका योजना | १५ | ११९२९९८१।१९ |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | १२ | २५६४७६५५।४५ |
| ५ | ५० लाख भन्दा माथिका योजनाहरु | | ५७,२४,२२९५।४४ |
| | | १२२ | ११४४८४५८९ |

१४

**स्विकृत दरवन्दी वेगर करार सेवाः**

३९०,०००

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई सम्बन्धिआदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ । स्वीकृत दरवन्दी भन्दा वाहिरका प्रेस सल्लाहकार लगायतका देहायअनुसारका कर्मचारी राखी देहायअनुसार खर्च लेखेको छ । स्वीकृत दरवन्दी विपरितको पद सिर्जना गरी खर्च लेखेको उक्त रकम कानून विपरित भएकोले स्थानीय सरकारलाई थप व्ययभार परेको रु..

| विवरण | रकम |
|---|---|
| प्रेस सल्लाहकारको रुपमा आशिक रानालाई राखी मासिक रु १३५००। को दरले भुक्तानी | १६२००० |
| पशुपंक्षी अनुसन्धान केन्द्रमा १ जना कर्मचारी राखी मासिक रु१०००० को दरले भुक्तानी | १२०००० |
| कृषि अनुसन्धान सेवा केन्द्रमा १ जना कर्मचारी राखी मासिक रु१०००० को दरले भुक्तानी | १०८००० |
| जम्मा | ३९०००० |

| | | | | |
|---|---|---|---|---|
| १५ | | | **विविध खर्चः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्षविविध शिर्षकवाट ३० लाख १५ हजार खाना खाजा लगायत विविध खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ तथा प्रयोजन खुल्दैन ।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।कार्यालयका अनुसार विविध शिर्षकवाट अन्य कार्यक्रमहरु समेत सञ्चालन भएकोले ठुलो रकम विविध शिर्षकवाट खर्च भएको कार्यालयको भनाई रहेको छ। | |
| १६ | | | **अनुगमन तथा भ्रमण खर्चः**<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु.२० लाख २३ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ । | |
| १७ | | | **अवलोकन भ्रमणः**<br>कार्यालयले देहायअनुसार अवलोकन भ्रमण भनि खर्च गरेको छः<br>(तालिका तल)<br>उल्लेखित ३ वटा छुट्टा छुट्टै अवलोकन भ्रमणमा रु.५००७२५।०० खर्च भएको छ भने गाडीभाडा मात्र रु १२२०००।०० भुक्तानी भएको देखिन्छ।भ्रमणको उद्देश्य तथा उद्देश्य प्राप्तीको मुल्यांकन नगरी घुमघामको खर्च गर्नु उचित देखिएन। यस्तो तरिकाले खर्च गर्ने परिपाटीमा पुर्णरुपमा सुधार गर्नुपर्दछ । | |

| भौ नं | विवरण | खर्च रकम |
|---|---|---|
| ३४९ | महिला स्वास्थ्य स्वयमसेविकाहरुको लागी क्षमता विकास तालिम तथा अवलोकन भ्रमण | २५०००० |
| ३६८ | दातृ संघ सस्थालाई पालिकाभित्र अवलोकन भ्रमण | ९८२२५ |
| ४३० | न्यायिक समिती अवलोकन भ्रमण देवघाट देखि मुगु सम्म विमला थापाको पेश्की फछ्यौट | १५२५०० |
| | जम्मा | ५००७२५ |

| | | | | |
|---|---|---|---|---|
| १८ | | | **कृषि अनुदानः** | |
| १८.१ | | | सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । यस वर्ष संचालित केही कार्यक्रमहरु देहायअनुसार छन। | |

| भौ नं | विवरण | रकम |
|---|---|---|
| शर्शततर्फ | | |
| २३५ | उन्नत गाईपालन ५० प्रतिशत अनुदान | १५००००० |
| १०४ | जै घाँसको विउ वितरण ५० प्रतिशत अनुदान | ५६१०० |
| १४३ | उन्नत मकै विउ अनुदान | २४५००० |
| २१२ | वङ्गुरको पाठापाठी वितरण | १२०००० |
| चालु ५४ | वडा नं १, २, र ३ मा कागती विरुवा वितरण | २१२५० |
| ४३२ | होमस्टेमा स्थानीय जातको कुखुरा चल्ला वितरण | २००००० |
| ५१२ | सुन्तला पकेट कार्यक्रम | ३५०००० |
| ५३१ | फलफुल पकेट, आलु पकेट, तथा एक घर एक करेसावारी अनुदान | १९९६२५ |
| ६१० | वंगुर पाठा खरिद तथा वितरण | ९८७०० |
| ६१६ | घरमा वसी कृषि व्यवसाय गर्नेलाई तालिम तथा सामाग्री वितरण | २००००० |
| ६२२ | फलफुल विरुवा वितरण | ४९०६२५ |
| ६४७ | कृषि सामाग्री वितरण | २७५००० |
| ६८६ | हिउँदे घाँस वितरण | २००००० |
| ७०४ | वर्षे घाँस वितरण | २४०००० |
| ७०७ | भकारो सुधार कार्यक्रम | ५००००० |

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td></td><td>जम्मा</td><td>४६९६३००</td></tr></table> यस सम्वनधमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन। | |
| १८.२ | | | (क) अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।<br>(ख) कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । नगरपालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ नगरपालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ।<br>(ग) अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन।साथै सामाग्री खरिदको विलको आधारमा अनुदान वितरण भएको र निर्माण कार्यको प्राविधिक मुल्यांकन नभएकोले अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन<br>(घ) पालिकाले एकै प्रकृतीका अनुदान कार्यक्रम विभिन्न वडा तथा पालिकावाट सञ्चालन गरेको भएता पनी कार्यक्रममा एकरुपता भएको देखिदैन। लागत सहभागिता तथा अनुदान भुक्तानीका मापदण्ड अधिकांश वडास्तरको सिफारिसका आधारमा तयार गरी एकै प्रकारका अनुदान कार्यक्रममा पनि प्रतिस्पर्धात्मक तरिकावाट खरिद नगरी उपभोक्ताका विलका आधारमा अनुदान दिइएको छ।साथै मापदण्डमा एकरुपता नहुँदा कुनै वडामा एउटै प्रकृतीको कार्यक्रममा लागत सहभागिता र कुनै वडामा शतप्रतिशत अनुदान दिइएकोले निश्चित मापदण्ड तथा कार्यविधी तयार गरी एकमुष्ठ रुपमा प्रतिष्पर्धात्मक तवरले खरिद गरी समानता कायम हुने गरी अनुदान वितरण गर्नुपर्ने देखिन्छ। | |
| १८.३ | | | (ङ)सामानको लागत अनुमान तयार गर्दा जिल्ला दररेट निर्धारण समितिले तयार गरेको दर प्रयोग गर्नुपर्दछ ।पालिकाले देहायवमोजिम घाँसको विउ वितरण गरी पुर्णचन्द्र अधिकारीको पेश्की फछ्यौट गरेकोमा जिल्ला दरभन्दा वढी दरमा खरिद गरी भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु.... | ७३,५०० |

<table>
<tr><th></th><th></th><th></th><th></th><th></th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>खरिदको विवरण</th><th>खरिदको परिमाण के जि</th><th>जिल्ला दररेट अनुसारको दर</th><th>खरिद भएको दर</th><th>फरक दर</th><th>वढी भुक्तानी</th></tr>
<tr><td>भेच घाँस</td><td>३००</td><td>१००</td><td>१५०</td><td>५०</td><td>१५०००</td></tr>
<tr><td>जै घाँसको विउ</td><td>१३००</td><td>६०</td><td>१०५</td><td>४५</td><td>५८५००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>७३५००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>विनियोजन भन्दा वढी खर्चः<br>५५।०७७।०६।११ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा कार्यपालिकाबाट स्वीकृत गराई असार १० भित्र सभामा पेश गर्नुपर्ने, आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने उल्लेख छ ।त्यस्तै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१३) तलव, महङ्गी भत्ता, सरुवा भ्रमण खर्च, पोषाक,घरभाडा, सेवा निवृत सुविधा लगायतका शिर्षकमा चालु आर्थिक वर्षको वजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा कार्यालयले संलग्न विल भरपाई वमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र प्रमाणित गराई राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले वडा नं ५ मा आ व २०७६।७७ को मंसिर महिनामा कृषि महोत्सव कार्यक्रम गर्न आ व २०७६।७७ को वजेट व्यवस्थामा रु ३०००००।०० विनियोजन गरेकोमा रु.१३०३७३२।०० खर्च भएको देखिन्छ।आ व २०७६।७७ मा ३०००००।०० मात्र विनियोजन भएकोले वाँकी रकम वजेट तथा कार्यक्रममा भुक्तानी दिन वाँकीमा राखि आ व २०७७।७८ मा भौ नं ५५ वाट रु.१००००००।०० भुक्तानी भएको छ।खर्चमध्ये व्यानर साउण्ड सिस्टम र कलाकारमा रु३०८८२०।००, स्टेज निर्माणमा रु.१२७६३३।०० खाडल खन्नेपुर्ने तथा पशुवस्तु ढुवानीमा रु २०४८५९।०० विद्युत व्यवस्थापनमा रु५११००।०० लगायतका शिर्षकमा खर्च भएको देखिन्छ।कार्यालयले कार्यक्रममा विनियोजन रकमभन्दा ठुलो रकम खर्च गरेकोमा सामग्री खरिद, खाजा खाना आदिमा खर्चमा नियन्त्रण गर्न सकिनेमा उक्त काम गरेको देखिएन।कार्यक्रममा खरिद गरिएको विभिन्न सामाग्रीहरु जिन्सी दाखिला र वितरणको भरपाई नभएको तथा कार्यक्रम पश्चात कार्यालयमा समेत दाखिला भएको देखिदैन।यसरी विनियोजन रकमभन्दा वढी खर्च गरी महोत्सव खर्चको दायित्व आउँदो आर्थिक वर्षमा सारी भुक्तानी दिएको रकम अनियमित देखिएको रु</td><td>१,०००,०००</td></tr>
<tr><td>२०</td><td></td><td></td><td>करारका कर्मचारीलाई अतिरिक्त सुविधाः<br>साविक सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२५ को पत्राअनुसार सेवा करारमा कार्यरत स्वीकृत दरवन्दी भित्रका कर्मचारीलाइ शुरु तलव, पोषाक तथा चाडपर्वको रकम मात्र दिन मिल्ने उल्लेख गरेको छ । कार्यालयले भुक्तानी गरेको असार महिनाको तलवी विवरण अनुसार स्वास्थ्यतर्फ, गाउपालिका करार र</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
<td>२०७,६००</td>
</tr>
<tr>
<td>५४</td>
<td></td>
<td></td>
<td>
लागत अनुमानमा दोहोरो मु अ कर:<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेका कुराहरु तथा लागत अनुमान तयार गर्ने सिलसिलामा सिमेन्ट, फलामे डण्डी, ईटा, ढुङ्गा, माटो, कर्कटपाता, विटुमिन तथा इमल्सन, इन्धन, पोलिथिन पाइप, जी.आई पाइप, विजुलीका सामान, जी-आई वायर यस्तै निर्माण सामाग्रीको दरभाउ, मेशिन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा रेट कायम गरी आयोजनाको कूल लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।गाउँपालिकाले कोटेशन प्रस्ताव माग गरी निर्माण कम्पनी बाट निर्माण सम्पन्न गरेको योजनाको नुमना छनौट गरी फाँटवारी परीक्षण गर्दा तपसिल वमोजिमका निर्माण कार्यको लागि लागत अनुमान तयार गर्दा नरम माटो, कडा माटो र नरम चट्टान खन्ने कार्य तथा बाटो चौडा बनाउने र ग्राभेल गर्ने कार्यको दर विश्लेषण गर्दाका वखत नै प्रत्येक आइटममा १३ प्रतिशत मू.अ.कर जोडी प्रति युनिटको दर निर्धारण गरेकोमा परिमाण र दरबाट कायम भएको कुल रकममा अन्त्यमा पुन १३ प्रतिशत मू .अ. कर
</td>
<td>७९,५४२</td>
</tr>
</table>

जोडी कूल लागत अनुमान तयार गरेको पाइयो।यसरी स्वीकृत लागत अनुमान अनुसार निर्माण कम्पनीसँग लागत अनुमान बरावरको रकम सम्झौता भई अन्तिम मुल्याङ्कन समेत सोहि बमोजिम भएकोले मू अ कर रकमको दोहोरो गणना भई लागत अनुमानबाट आयोजनाको कूल लागतमा बढोत्तरी हुनुका अतिरिक्त निर्माण कम्पनीलाई मूल्य अभिवृद्धि कर वापतको रकम दोहोरो भुक्तानी भएको छ। यसरी दोहोरो भक्तानी भएको मू अ कर असुल गर्नुपर्ने रु

| भौ न मिति | निर्माण योजना | निर्माण कम्पनी | दोहोरो मु अ कर सहित भुक्तानी रकम | भुक्तानी हुनुपर्ने रकम मु अ कर सहित | दोहोरो गणना हुदा बढि भुक्तानी मु अ कर |
|---|---|---|---|---|---|
| २००.२०७८।०३।२७ | सिद्ध आधारभुत विद्यालय सम्म मोटरमार्ग निर्माण | एस आर निर्माण सेवा | १९३१८८.४४ | १७०९६३.२२ | २२२२५ |
| ६.२०७७।०६।०६ | रेडक्रस मार्ग निर्माण | निर्माण सेवा प्रा लि | ४९८२१७ | ४४०९०० | ५७३१७ |
| | जम्मा | | | | ७९५४२ |

| | | | | |
|---|---|---|---|---|
| ५५ | | | **दर फरक पारी बढि भुक्तानी:**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नापजांच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले यस वर्ष रनिङ्ग विल तथा अन्तिम विलको भुक्तानी गर्दा स्विकृत दररेट फरक पारी भुक्तानी दिएको पाइयो। यस पालिकाले सानो भञ्ज्याङ्ग लिफ्टिङ्ग खानेपानी योजना उपभोक्ता समितिबाट निर्माण सम्पन्न गरेको छ।यस खानेपानी योजनाको ७८५।७० घ मि पाईपलाईन खन्ने कार्यमा यस पालिकाको सडक तथा खानेपानी योजना निर्माण सम्बन्धी स्विकृत दररेट अनुसारको Excavation in Roadway and Drain दररेट प्रति घ मि रु ४३२।७० प्रयोग नगरि भवन निर्माण कार्यको Excavation for foundation दररेट प्रति घ मि ५७६।८० प्रयोग गरि अन्तिम मुल्याङ्कन कायम गरिएको भुक्तानी दिएको छ। यसरी कुल ७८५.७० घ मि पाईपलाईन खन्ने कार्यको प्रति घ मि रु १४४।२० दरले बढि दररेट राखि उपभोक्ता समितिलाई कुल पाईपलाईन खन्ने कार्यको जम्मा रु ११३२९८ बढि भुक्तानी भएकोले असुल गर्नेपर्ने रु | ११३,२९८ |

| भौ न मिति | कामको विवरण | कामको परिमाण घ मि | मुल्याङ्कन भएको दर | मुल्याङ्कन हुनुपर्ने दर | फरक दर | बढि भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १९३.२०७८।०३।२६ | सानो भञ्ज्याङ्ग लिफ्टिङ्ग खानेपानी योजना पाईपलाईन खन्ने कार्य | ७८५.७ | ५७६.८ | ४३२.६ | १४४.२ | ११३२९८ |
| | जम्मा | | | | | ११३२९८ |

५६

**पूँजिगत अनुसन्धान तथा परामर्श सेवा खरिद:**

यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| भौ नं | कामको विवरण | परामर्श दाता | भुक्तानी रकम |
|---|---|---|---|
| ४० | कालिगण्डकि नदि IEE | माता मनकामना पावर सप्लार्यस प्रा लि | ३९७१९५ |
| ४१ | सेति नदि IEE | स्पिड सोलुसन प्रा लि | ३९७६४७ |
| ४२ | त्रिशुली नदि IEE | बन्दिपुर कन्सल्टेन्सी प्रा लि | ३९७५९० |
| ४३ | कालिगण्डकि घाट अन्तर्गत कालिभतेरी घाट IEE | समाज सेवा समुह | २९९०००।२६ |
| १३६ | राजश्व सुधार तथा व्यवस्थापन परामर्श | स्पिड सोलुसन नेपाल प्रा लि | ३८३२५० |
| जम्मा | | | १८७४६८३ |

५७

**डण्डिमा बढि भुक्तानी:** २३,२०२

सार्वजनिक खरिद ऐन तथा नियमावलिमा भएको व्यवस्थाअनुसार सार्वजनिक निकायले निर्माण कार्यको भुक्तानी गर्दा स्विकृत नर्म्स तथा जिल्ला दररेटका आधारमा प्राविधिक मुल्यांकन गरी भुक्तानी दिनुपर्ने उल्लेख छ।यस पालिकाले यस वर्ष उपभोक्ता समितिबाट निर्माण सम्पन्न गरेको आरसिसि सडक ढलान कार्यको तपसिल वमोजिमका केहि नमुना छनौट गरि परिक्षण गर्दा फलामे छड फिटिङ कार्यमा नापि तथा अन्तिम मुल्याङ्कनमा कायम भएको परिमाण भन्दा घटि परिमाणमा डण्डि प्रयोग गरि कार्य सम्पादन भएको छ।यसरी निर्दिष्ट परिमाण भन्दा घटि परिमाणमा निर्माण सामाग्री प्रयोगबाट तोकिएको गुणस्तर सुनिश्चित नभई निर्माण

कार्यको दिगोपना कायम नहुनुका साथै वास्तविक कार्य कार्यसम्पादन भन्दा बढि परिमाण मुल्याङ्कन हुदा उपभोक्ता समितिलाई बढि भुक्तानी भएको छ।यसरी बढि भुक्तानी भएको असुल गर्नुपर्ने रु

| भौन | कामको विवरण | मुल्याङ्कन परिमाण | कार्यसम्पन्न भएको परिमाण | बढि मुल्याङ्कन भएको परिमाण | बढि परिमाण **(०.६२ केजि/ मिटर)** | दर प्रति केजि | बढि भक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| ४५ | गोहिटार बाटो निर्माण | २१ गोटा ६३ मि लम्वाईको फलामे छड | १६ गोटा ६३ मि लम्वाईको फलामे छड | ५ गोटा ६३ मि लम्वाईको फलामे छड | १९५.३ केजि | ११८.८ | २३२०२ |
| | | जम्मा | | | | | २३२०२ |

५८

**जिल्ला दर रेट भन्दा बढी भुक्तानी**

सार्वजानिक खरिद ऐन २०६३ दफा ५७ मा सार्वजानिक निकायले बिल बिजकको भूक्तानी खरिद सम्झौताको अधिनमा रही तोकिए बमोजिम दिनु पर्ने ब्यवस्था छ । स्थानीय खेलग्राम निर्माण कोटाको लागत अनुमान रु ३६९१५१२।९४ भएको कार्यको लागि तारजाली तथा नरम माटो ६१३७ घनमिटर र कडा माटो १४३२०।३२ घनमिटर गरी जम्मा २०४५७।३२ घनमिटर माटो खन्ने काम गर्नुपर्नेमा कार्यसपन्न प्रतिवेदन अनुसार नरम माटो ४९२७।२० र कडा माटो ११४९६।८० गरी १६४२४ घनमिटर समेत रु ३६३७६०९।८० काम सम्पन्न गरेको देखिन्छ । जिल्ला दर रेट भन्दा बढि भुक्तानी भएको रकम रु ४६३१५। असुल गर्नुपर्दछ ।अन्य उपभोक्ताबाट भएको कार्यमा जिल्ला दररेट भन्दा वढीको भुक्तानी एकिन गर्नुपर्दछ ।

| विवरण | घनमिटर | प्रति घनमिटर दर भ्याट सहित रु | रु |
|---|---|---|---|
| हाईड्रोलिक एक्जाभेटर भुक्तानी | ०।०१२५ | २२६० | २८।२५ |
| हाईड्रोलिक एक्जाभेटर जिल्ला दर रेट | ०।०१२५ | २०३४ | २५।४३ |
| फरक | प्रति घनमिटर बढि भूक्तानी रु | | २।८२ |
| जम्मा काम भएको घनमिटर | | | १६४२४ |
| बढी भूक्तानी | | | ४६३१५। |

६४,३१५

| | | | | |
|---|---|---|---|---|
| ५९ | | | **वील विजक विना भुक्तानी**<br>पोलिथुम्की सामुदायिक भवन निर्माण कार्यको लागि उपभोक्ता समुहबाट लागत अनुमान रु ३१२९६३७।२१ को भवन निर्माण कार्यको लागि ब्रिक मेशनरी वर्क ३६।०६ घनमिटरको प्रति घनमिटर १६९८१।६० ले हुन आउने रु ६१२०९६।१३ को कार्य भएको देखिन्छ । एक ईटामा ०।००१३२२५ घनमिटर हुने भएकोले ३६।०६ घनमिटरमा २७२६६ ईटाको विल विजक नभएकोले रु ९ प्रतिगोटाको दरले हुन आउने रु२४५३९४। को कर विल विजक प्रमाण पेश गर्नुपर्दछ । | २४५,३९४ |
| ६० | | | **सामाजिक सुरक्षा तर्फः**<br>लेखापरीक्षण योजना, २०७८ बमोजिम सवैभन्दा बढी निकासा हुने दुई ओटा ठूलो वडाको श्रेस्ता परीक्षण गर्दा सामाजिक सुरक्षा भत्ता वितरणको सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:<br>**मूल अभिलेख नराखेको:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १० को उपदफा (१) मा प्रत्येक गाँउपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीको फोटो सहितको अनुसुची–५ बमोजिमको ढाँचामा मूल अभिलेख अद्यावधिक गरी राख्नुपर्ने साथै लाभग्राहीको तोकिए बमोजिमको विवरण निर्दिष्ट गरी समयावधिभित्र व्यवस्थापन सूचना प्रणाली (एम.आई.एस.) मा प्रविष्टी गर्नुपर्ने व्यवस्था भएकोमा यस गाउँपालिकाले सवै लाभग्राहीहरुको तोकिएको ढाँचामा अभिलेख राखेको पाइएन । गाउँपालिकाले कार्यविधिको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।<br><br>**लगत अद्यावधिक नगरी खर्च लेखेको:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ६ वमोजिम नाम दर्ता तथा नवीकरणवाट आगामी आर्थिक वर्षको लागि कायम हुन आएको लाभग्राहीहरुको संख्यात्मक विवरण प्रत्येक गाउँपालिका तथा नगरपालिकाले अनूसुची– ५ वमोजिमको ढाँचामा लगत अद्यावधिक गरी सोही अनुसार भुक्तानी गर्नुपर्ने प्रावधान छ । यस गाउँपालिका अन्तर्गतका ५ वटै वडाहरुले भत्ता वितरण कार्यको लागि तोकिएको ढाँचामा चौमासिकगत लगत अद्यावधिक नगरी खर्च लेखेको पाइयो । यसरी भत्ता वितरण गर्दा वास्तविक लाभग्राहीहरुको संख्या यकिन गर्न नसकिने साथै कार्यविधिको परिपालना समेत नगरेको पाइयो । गाउँपालिकाले कार्यविधिको परिपालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।<br><br>**लाभग्राहीको नाम नवीकरणः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ७ को उपदफा (१) मा भत्ता प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहीहरुले आगामी आ.व.मा पनि भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ६ मा उल्लेखित समयावधि भित्र सम्वन्धित गाउँपालिका वा नगरपालिकामा दरखास्त दिनुपर्ने व्यवस्था छ । सो कार्यविधिको उपदफा (२) मा यसरी नवीकरण नगर्ने लाभग्राहीले पछिल्लो आ.व.मा भत्ता नपाउने समेत उल्लेख गरेकोमा यस गाउँपालिकाले सोको परिपालना गरेको पाइएन । कार्यविधिको पालना गर्ने तर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ । | |
| ६१ | | | **निष्क्रिय खाता:**<br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५अनुसूची -७ कोबुंदा न.७ मा सामाजिक सुरक्षाविषेश बचत खातासंचालन गर्नबैंक तथा वित्तीयसंस्थालेयस प्रकारका बचत खाताहरु मध्य] निष्क्रिय-Dormant_खाताको विवरणप्रत्येक श्रावणर माघ महिनाभित्रकेन्द्रिय पञ्जीकरणबिभागलाइदिनुपर्ने साथै अनुसूची ८को | |

| | | | | |
|---|---|---|---|---|
| | | | बुंदा न.१० माबैंकलेनिष्क्रिय खातामा रहेको विवरण उल्लिखित अवधिमा सम्बन्धीतस्थानीय तहलाईदिनुपर्ने ब्यवस्था भएकोमा गाउँपालिकाले कार्यविधिमा उल्लेख भएको व्यवस्थाको पालना गरेको पाइएन।कार्यविधिको पालना गर्ने तर्फ ध्यान दिनुपर्दछ। | |
| ६२ | | | **मृत्यु भईसकेकाको भत्ता विवरण:**<br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १२ मा लाभग्राहीको मृत्यु भएमा मृत्यु दर्ताको सूचना फारममा बमोजिम स्थानीय तहको मूल अभिलेखबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाको केहिवडाहरुको नमूना परीक्षण गरी हेर्दा मृत्यु दर्ता भइसकेको व्याक्तिको नामबाट समेत भत्ता वितरण हुन गएको देखिन आयो । सम्बन्धित वडा सचिवहरुलाई जिम्मेबार बनाइ असुल गर्नुपर्ने रु. | ३२,१०० |

| लाभग्राहीको नाम | वडा नं/ भत्ता बुझेको चौमासिक | मृत्यु भएको मिति | नागरिकता नं | पाउनुपर्ने रु. | भुक्तानी रु. | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| विहारीलाल सापकोटा | ५ दोस्रो चौमासिक | २०७७।०९।१७ | १३८१ | १७०० | १२,००० | १०३०० |
| तुलसि सुवेदि | ५ दोस्रो चौमासिक | २०७७।१०।३० | ४०६८ | ९००० | १२,००० | ३००० |
| धनमायो पौडेल क्षेत्री | ३ दोस्रो चौमासिक | २०७७।०९।१८ | २६० | ४८०० | १२,००० | ७२०० |
| अम्मर बहादुर थापा | ३ तेस्रो चौमासिक | २०७७।१२।०४ | ९ | ४०० | १२,००० | ११६०० |
| | | जम्मा | | | | ३२१०० |

| | | | | |
|---|---|---|---|---|
| ६३ | | | **त्रिशुली नदी भुवनटार घाट तल्लो खण्ड र कालीगण्डकी नदी कालीभतेरी घाट तल्लो खण्ड ठेक्का ब्यव्थापनमा देखिएको ब्यहोराहरु** | |
| ६३.१ | | | **बैक जमानत विना संझौताः** कालिगण्डकी कालिभतेरीघाट र त्रिशुली नदी भुवनटारघाटबाट ढुङ्गा गिट्टी वालुवा उत्खनन् कार्यको सन्ध्या सन्देश निमार्ण सेवासँग गरेको संझौताको दफा नं ४ मा किस्ताबन्दीमा रकम बुझाई संझौता गर्न चाहेमा दोस्रो पक्षले प्रथम किस्ता वापत ठेक्का रकमको ५० प्रतिशत रकमको नगद जम्मा गरि बाँकी रकमको बैक जमानीपत्र पेश भएपछि संझौता गरिने ब्यवस्था छ । त्यसै गरी दफा ५ मा अन्तिम किस्ता जेष्ठ १ गते सम्म बुझाई २०७७ जेष्ठ मसान्त सम्म सम्मको लागि थप कार्यदेश दिने ब्यवस्था छ ।<br>आर्थिक वर्ष ०७६।७७ को सन्ध्या सन्देश निमार्ण सेवाले कालीगण्डकी कालिभतेरी ३०००० घनमिटरको घाट ठेक्काको कवोल अंक रु ४४४४४४४।को मूल्य अभिवृद्धि कर तथा अग्रिम आयकर समेत रु ५०८८८८८।३८ को ५० प्रतिशतले हुन आउने रकम रु २५४४४४४।१९ र त्रिशुली नदी भुवनटार ३०००० घनमिटरको घाट ठेक्काको कवोल अंक रु ६७७७७७७।को मूल्य | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | अभिवृद्धि कर तथा अग्रिम आयकर समेत रु ७७६०५५४।६७ को ५० प्रतिशतले हुन आउने रकम रु ३८८०२७७।३३ दाखिला गरेको देखिन्छ । संझौतामा भएको ब्यवस्था अनुरुप बाँकी ५० प्रतिशतले हुन आउने रकमको बैक जमानीपत्र पेश भएपछि संझौता गरिने ब्यवस्था विपरीत २०७६।१२।७ मा संझौता भएको छ ।अन्तिम किस्ता जेष्ठ १ सम्म बुझाउनु पर्नेमा सो बुझाएको देखिएन । | | |
| ६३.२ | | | **पटक पटक म्याद थप निर्णय र परिमाणः**आ व २०७६।७७ मा ठे नं ६ त्रिशुली नदीतर्फ भुवनटारघाट र ठे नं ७ कालीगण्डकी नदीतर्फ कालीभतेरी घाटको श्री सन्ध्या सन्देश निर्माण सेवा र गाउँपालकाबिच नदीजन्य पदार्थ उत्खन्नको ठेक्का सम्झौता भएकोमा कोभिड १९ को लकडाउनको कारणले गर्दा उत्खनन् गर्न नसकेको कारणलाई आधार मानी छैठौ गाउँसभाको निर्णय नं १० ले देवघाट ५ भुवनटार ३०००० घनमिटर र कालीभतेरी घाट ३०००० घनमिटर उत्खनन् गर्न दिने निर्णय गरेकोछ।<br>आ व २०७७।७८ मा श्री सन्ध्या सन्देश निर्माण सेवालाई त्रिशुली नदीतर्फ भुवनटारघाटबाट १५००० घ मि र कालीगण्डकी नदीतर्फ कालीभतेरीघाटतर्फ १५००० घ मि उठाउने गरी मिति २०७७।९।६ मा २ महिनाको म्याद दिई कार्यादेश दिइएकोमा निर्माण व्यवसायीले तोकेको परिमाण (१५००० घ मि) उत्खन्न गर्न नसकेको भनि म्याद थप गरि पाउँ भनि कार्यालयमा निवेदन दिएकोमा मिति २०७७।११।२१ को गाउँ कार्यपालिकाको निर्णयानुसारआ व २०७७।०७८ दायित्व सारी आ व २०७८।१।२५ सम्म म्याद थप भएकोमा तोकिएको समय अवधिभित्र मानिस लगाई बेल्चा प्रयोग गरी तथा कोभिड १९ को कारण समेत नदीजन्य पदार्थ उत्खन्न गर्न नसकेको भनि कार्यालयमा दिएको निवेदन अनुसार यस पूर्व तोकिएको समयावधिभित्र सम्झौता बमोजिमको परिमाण उत्खन्न,संकलन तथा व्यवस्थापन गर्न नसकेको सम्बन्धमा गाउँपालिका स्तरीय अनुगमन समितिको अनुगमन निरिक्षण प्रतिवेदन तथा वैठकको निर्णय समेतको आधारमा स्थानीयको अवरोध तथा अपेक्षाका कारण उत्खन्न गर्ने कार्यमा बाधा अवरोध भएकोले उक्त अवधिमा समेत तोकेको परिमाणमा उत्खन्न गर्न नसकिएकोले पुन मिति २०७८।१।२४ मा २०७८ जेष्ठ मसान्त सम्मको लागि म्याद थप गर्ने निवेदन अनुसार फर्मको निवेदन र स्थानीय अनुगमन समितिको सिफारिस बमोजिम भुवनटार घाट र कालीभतेरी घाटको तल्लो खण्डको लागि क्रमशः१५०००। १५००० परिमाण उत्खन्न गर्नको लागि म्याद थप गर्ने निर्णय गरी उत्खनन कार्यको निरन्तरता दिएको देखिन्छ। २०७७ जेष्ठ मसान्तमा ढुङ्गा गिटि बालुवा उत्खनन् कार्यको म्याद समाप्त भएकोमा अर्को आर्थिक वर्षमा पुनः संझौता गर्दा गाँउसभाले दिएको कार्यदेश बमोजिम दुवै घाटको ३००००।३०००० घनमिटरको ५० प्रतिशतले असुल हुन बाँकी रकम असुल गरी उत्खनन् र संकलन गर्न दिनु पर्नेमा पटक पटक म्याद थप गर्दा पनि पहिलाको ५० प्रतिशत रकम बुझाएको परिमाणको मात्र म्याद थप गरेको उचित देखिएन । | | |
| ६३.३ | | | **उत्खनन् संकलन परिमाण नराखेकोः** ढुङ्गा गिट्टी वालुवा उत्खनन् बिक्रि तथा ब्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को नियम | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ७(१) मा उत्खनन् वा संकलन गर्न तोकिएको स्थलमा स्वीकृत परीमाण भन्दा बढी उत्खनन् र संकलन हुन नदिन संकलन तथा उत्खनन् आदेशपूर्व प्राविधिकबाट गरिएको नाप जाँच तथा रेखांकनका आधारमा उत्खनन् वा संकलनको क्षेत्र निर्धारण गरी लाईन लेभल समेत दिनु पर्ने ब्यवस्था भएपनि सो गरेको पाईएन ।त्यसै गरी उत्खनन् संकलन वा ढुवानी गरेको परीमाणको दैनिक अभिलेख अनुसुची ४ क बमोजिमको र दैनिक पटके बिक्रि वा ढुवानी अभिलेख तेरिज अनुसुची ४ ख बमोजिमको ढाँचामा राख्नुपर्नेमा राखेको छैन साथै प्राविधिकले प्रमाणित गरेको प्रमाण पेश भएको देखिदैन। गाउँपालिका स्तरीय अनुगमन समितिको अनुगमन निरिक्षण प्रतिवेदन तथा वैठकको निर्णय अनुसार भएपनि प्राविधिक पुष्टाई आधार विना दुवै घाटबाट १५०००।१५००० मात्र घनमिटर उत्खनन् भएको भनि एकिन गर्न सकिएन । | |
| ६३.४ | | | **अर्को आर्थिक वर्षमा दायित्व सारेकोः** ढुङ्गा गिट्टी वालुवा उत्खनन् बिक्रि तथा ब्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को नियम ४(१२) मा नदीजन्य पदार्थको उत्खनन संकलन बिक्रि तथा ढुवानी ठेक्का बन्दोवस्त गर्दा परीमाणको आधारमा बार्षिक रुपमा गर्नुपर्नेछ । बिक्रि तथा ढुवानी ठेक्का बन्दोवस्त गर्दा परीमाणको आधारमा बार्षिक रुपमा गर्नुपर्ने ब्यवस्था विपरीत एक आर्थिक वर्षको ठेक्कालाई अर्को आर्थिक वर्षमा दायित्व सारी ठेक्का ब्यवस्थापन गरेको उचित देखिएन।यसले अर्को आर्थिक वर्षको ठेक्का ब्यवस्थालाई असर पारेको देखिन्छ । | |
| ६३.५ | | | **राजश्व गुमेको अवस्थाः** छैठौ गाँउ सभाले २०७७।३।१५ को दुबै घाटबाट ३००००।३०००० घनमिटर आ व २०७७।७८ मा उत्खनन् गर्न दिने कार्यदेश दिएको देखिन्छ । संझौता एवं गाँउसभाको निर्णय अनुसार ठेक्का ब्यवस्थापन भएको आर्थिक वर्ष भित्रै सम्पुर्ण रकम बुझाउनुपर्नेमा ५० प्रतिशतले हुन आउने रकमको कार्यदेश २०७७।९।६ मा दिई रु६४२४७२१।५२ प्राप्त गरेको र बाँकी ५० प्रतिशतले हुन आउने रकम कालीभतेरी तर्फको रु २५४४४४४।१९ र भुवनटार तर्फ रु ३८८०२७७।३३ गरी जम्मा रु ६४२४७२१।५२ प्राप्त गरेको देखिदैन । संझौता र गाँउसभाको कार्यदेश विपरित कार्य गरेकोले रु ६४२४७२१।५२ राजश्व गुमेको अवस्था छ। | |
| ६४ | | | **ढुङ्गा गिटि बालुवा उत्खनन सम्बन्धी** | |
| ६४.१ | | | **प्राकृतिक श्रोतको परिचालनः** ढुंगा गिटी बालुवा उत्खनन् र संकलन कार्यको प्रारम्भिक वातवरणिय परीक्षण प्रतिवेदन अनुसार निम्न नदी घाटबाट निम्न परिमाणमा उत्खनन् एवं संकलन गर्ने उल्लेख छ । | |

| | | | | |
|---|---|---|---|---|
| | | | ढुङ्गा गिटि उत्खनन् घाट क्षेत्र | उत्खनन् गर्न मिल्ने परिमाण घन मिटर |
| | | | त्रिशुली नदीभुवनटार क्षेत्र २ घाट | ७१६३५ |
| | | | त्रिशुली नदीको सेतीभेरी देखि बबै र गाईघाट क्षेत्र ३ घाट | १९९७२ |
| | | | कालीगण्डकीको काली भतेरी २ घाट | ७४९३० |
| | | | सेती नदीको दाँया वाहाव क्षेत्र | ४२८०८ |
| | | | कालीगण्डकी साढेवगर | ४०१६३ |
| | | | जम्मा | २४९५०८ |
| | | | ठेक्का लागेको घनमिटर | १२६७५३ |
| | | | बाँकी घनमिटर | १२२७५५ |
| | | | प्रदेश दर प्रति घनमिटर रु | २४७ |
| | | | जम्मा रु | ३०३२०४८५ |

माथी उल्लिखित घाटको ठेक्का नलागेको देखिन्छ । साथै कार्यालयले आफ्नै जनशक्ति मार्फत सकलन गर्ने प्रयत्न गरेको देखिदैन । यस सम्बन्धमा पालिका राजश्व परामर्श समितिको पनि भुमिका रहेको देखिदैन । स्थानीय राजश्व परामर्श समितिको भुमिकालाई सशक्त बनाई समितीको राय सुझावको आधारमा ठेक्का लगाउने वातावरण निर्माण गरी रु ३०३२०४८५। पालिकामा आय प्राप्त हुने वातवरण निर्माण गरिनुपर्दछ । कार्यलयको भनाई अनुसार पटक पटक ठेक्का सुचना निकाल्दा पनि ठेक्का नलागेको साथै कार्यालयमा जनशक्तिको पनि कमि रहेकोले गर्दा राजश्व संकलन नभएको भनाई रहेको छ ।

| | | | | |
|---|---|---|---|---|
| ६४.२ | | | **राजश्व अनुमान शुल्क घटी कायम गरेको:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४(१) च मा ढुङ्गा गिटि बालुवा र दहत्तर बहत्तरमा प्राकृतिक श्रोत करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र गाँउपालिका वा नगरपालिकाले संकलन गर्ने ब्यवस्था | |

रहेको छ । त्यसै गरी प्रदेश सरकार आर्थिक ऐन २०७७ को दफा ८ (१) अनुसुची ६ बमोजिम ढुङ्गा गिटि बालुवा उत्खनन् र संकलन शुल्क प्रति क्यूविक फिट रु ७ का दरले हुने ब्यवस्था छ । कानुनमा भएको ब्यवस्था विपरीत गाँउ सभा बैठक संख्या नं ६० को निर्णय अनुसार वडा नं १,२, ३ र ४ मा प्रति क्यूविक फिट रु ४ र वडा नं ५ मा रु ५ का दरले नदी तथा घाटहरुको ढुङ्गा गिटि बालुवा उत्खनन् र संकलन शुल्क निर्धारण गरेको देखिन्छ । यसरी राजश्व दर निर्धारण गर्दा निम्न ठेक्कामा न्यूनतम कबोल अंकमा रु ३२७२२११।न्यून देखिन्छ ।यसले प्रतिस्पर्धामा असर पार्ने तथा वार्ताद्वारा उत्खननको कार्य गर्दा असर गर्ने हुँदा यसमा सुधार हुनुपर्दछ ।

| घाटको विवरण | ठेक्का परिमाण | प्रति क्युविक फिट रु ७ ले प्रति घनमिटर | रु | रु ४ / रु ५ | रु | फरक |
|---|---|---|---|---|---|---|
| कालीगण्डकी साढेवगर घाट | ९७८९ | २४७ | २४१७८८३ | १७६ | १७२६७८० | ६९११०३ |
| त्रिशुली नदि सेती भतेरी घाट | ८८९३ | २४७ | २१९६५७१ | १७६ | १५६८७२५ | ६२७८४६ |
| कालीगण्डकी चापखोला घाट | २३६४ | २४७ | ५८३९०८ | १४१ | ३३३६०८ | २५०३०० |
| सेती नदी तल्लो ङ्गाल्दी घाट | ५८३७ | २४७ | १४४१७३९ | १४१ | ८२३६८९ | ६१८०५० |
| त्रिशुली नदि भुवनटार घाट | ७५०० | २४७ | १८५२५०० | १७६ | १३१००४४ | ५४२४५६ |
| कालीगण्डकी कालीभतेरी घाट | ७५०० | २४७ | १८५२५०० | १७६ | १३१००४४ | ५४२४५६ |
| जम्मा | ४१८८३ | | १०३४५१०१ | ९८६ | ७०७२८९० | ३२७२२११ |

| | | | | |
|---|---|---|---|---|
| ६४.३ | | | **अनुगमन मुल्यांकनः** प्रारम्भिक वातावरण परिक्षण प्रतिवेदन २०७७ अनुसार प्रत्येक बर्ष बर्षायाम सकिएपछि थुपारिएको ढुङ्गा गिट्टी बालुवाको परिमाण, नापजाँच अभिलेख राख्नु पर्ने, ठेक्का सम्झौता उल्लेख भएको परिमाण, स्थान आदिको पालिका अनुगमन समितिद्धारा नियमित अनुगमन गर्नुपर्ने उल्लेख छ। पदार्थको विक्रिको लागि वातावरणीय प्रभाव मुल्यांकन गरी निश्चित परिमाण तोकि उत्खनन्को स्वीकृती दिई ठेक्का लगाएको भएतापनि प्रत्येक बर्ष बर्षायाम सकिएपछि थुपारिएको ढुङ्गा गिट्टी बालुवाको परिमाण, नापजाँच अभिलेख नराखेको, ठेक्का सम्झौता उल्लेख भएको परिमाण, स्थान आदिको अनुगमन समितिद्धारा नियमित अनुगमन गरेको पाइएन। नदीजन्य पदार्थ उत्खनन् कार्यको गाँउपालिका स्तरीय अनुगमन कार्यमा जिल्ला समन्वय समितीको कार्यलयलाई २०७८।२।२५ मा प्राविधिक कर्मचारी पठाइ सहयोग गरिदन अनुरोध गरेपनि प्राविधक पठाई सहयोग गरेको देखिएन।नदिजन्य पदार्थ सम्बन्धि आगमी दिनमा नीति बनाउन सहज हुने गरी उत्खनन भएको परिमाणको एकिन गर्ने तथा विभिन्न सरोकार निकायसँगको समन्वलाई जोड दिई अनुगमन मुल्यांकनलाई प्रभावकारी वनाउनुपर्दछ। | |
| ६५ | | | **सामुदायिक वनवाट आय प्राप्त नगरेको**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि तथा उपयोग सम्वन्धी वार्षिक कर्यायोजना वनाई सम्वन्धीत तहवाट स्वीकृत गराउनुपर्ने र सामुदायिक वनले वन पैदावारको विक्रि वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा वुझाउनुपर्ने व्यवस्था छ । जिल्ला वन कार्यालयवाट प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत देहायका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि गरेकोमा उक्त रकमको १० प्रतिशतले हुने रकम यस पालिकामा वुझाउनुपर्नेमा वुझाएको छैन भने उक्त रकम उठाउन स्थानीय तहले कुनै पहल समेत गरेको देखिएन । उक्त रकम असुल गर्नुपर्ने रु ४३६४६३७। | ४,३६४,६३७ |

| आ व २०७७।७८ मा सामुदायिक वनतर्फको | | | | |
|---|---|---|---|---|
| समुहको नाम | ठेगाना | मु अ कर | जम्मा विक्री | १० प्रतिशत रकम |
| कालिका | देवघाट ३ | १२६७७० | ९७५११५३ | ९७५११५ |
| थुम्कीडाँडा | देवघाट २ | ७५२०० | ५७८४६१ | ५७८४६ |
| सुनझाक्री | देवघाट १ | ९७६४० | ७५१०७६ | ७५१०७ |
| कालिगण्डकी | देवघाट १ | २१५९१० | १६६०८४६ | १६६०८४ |
| गौडा ढुंगा | देवघाट ५ | २९१५० | २२४२३० | २२४२३ |
| चम्कादेवी | देवघाट १ | ६९३८० | ५३३६९२ | ५३३६९ |
| गोपिटार | देवघाट १ | ६०६४० | ४६६४६१ | ४६६४६ |
| चम्कादेवी | देवघाट १ | १५०५९५ | ११५८४२३ | ११५८४२ |
| जनहित | देवघाट ४ | ७४५१० | ५७३१५३ | ५७३१५ |
| सिद्धदेवी | देवघाट ४ | १३८६८० | १०६६७६९ | १०६६७६ |
| कमलादेवी | देवघाट ४ | ६२८३५ | ४८३३४६ | ४८३३४ |
| सिञ्याङ गढी धारापानी | देवघाट ४ | ८३४५५ | ६४१९६१ | ६४१९६ |
| आमडाँडा | देवघाट ४ | ३३०५० | २५४२३० | २५४२३ |
| सोलीघोप्टे | देवघाट ५ | २६०२६० | २००२००० | २००२०० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | साढेवगर | देवघाट ५ | १३७६०० | १०५८४६१ | १०५८४६ | | | | |
| | | | | ठुलोभञ्ज्याङ | देवघाट ४ | १८२९८५ | १४०७५७६ | १४०७५७ | | | | |
| | | | | जरम | देवघाट ४ | १४३२०० | ११०१५३८ | ११०१५३ | | | | |
| | | | | सिद्ध | देवघाट २ | १७१०६० | १३१५८४६ | १३१५८४ | | | | |
| | | | | कालिका | देवघाट २ | १६७४०० | १२८७६९२ | १२८७६९ | | | | |
| | | | | सुनझाक्री | देवघाट १ | १६२१३५ | १२४७१९२ | १२४७१९ | | | | |
| | | | | साराङघाट | देवघाट ३ | १२८८०५ | ९९०८०७ | ९९०८० | | | | |
| | | | | कालिका | देवघाट ३ | १४५१३५ | १११६४२३ | १११६४२ | | | | |
| | | | | अकलादेवी | देवघाट ३ | ४००७३५ | ३०८२५७६ | ३०८२५७ | | | | |
| | | | | जनहित | देवघाट ४ | २१२४८५ | १६३४५०० | १६३४५० | | | | |
| | | | | सिद्धदेवी | देवघाट ४ | २१२१९० | १६३२२३० | १६३२२३ | | | | |
| | | | | चिउरीभञ्ज्यङ | देवघाट २ | ३७०२९३ | २८४८४०७ | २८४८४० | | | | |
| | | | | गोपिटार | देवघाट १ | २०७२७५ | १५९४४२३ | १५९४४२ | | | | |
| | | | | थुम्कीडाँडा | देवघाट २ | ३०५३९१ | २३४९१६१ | २३४९१६ | | | | |
| | | | | कालीगण्डकी | देवघाट | ८१०२५ | ६२३२६९ | ६२३२६ | | | | |
| | | | | आमडाँडा खोडेमोरिया | देवघाट ४ | ७४९२५ | ५७६३४६ | ५७६३४ | | | | |
| | | | | कमलादेवी | देवघाट ४ | १६६७४५ | १२८२६५३ | १२८२६५ | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| गैडाढुंगा | देवघाट ५ | ३५५७९० | २७३६८४६ | २७३६८४ | | |
| सिरचुली | देवघाट ३ | ३२४४८० | २४९६००० | २४९६०० | | |
| सिञ्याङ गढी धारापानी | देवघाट ४ | ९९२४० | ७६३३८४ | ७६३३८ | | |
| पुरानोभिर धाराक्यू | देवघाट २ | १४७०६० | ११३१२३० | ११३१२३ | | |
| आ व २०७७।७८ को जम्मा | | ५६७४०२९ | ४३६४६३७६ | ४३६४६३७ | | |

| | | | | |
|---|---|---|---|---|
| ६६ | | | **राजश्व जम्मा ढिलाई तथा कम दाखिला** | |
| ६६.१ | | | **घटी राजश्व दाखिलाः** पशु चौपाया फलफुल अदुवा जस्ता स्थानीय उत्पादनको संकलन तथा बिक्री प्रयोजनको लागि स्थानीय वातवरण शुल्क बापतको रकम उठाउन २०७८ जेष्ठ मसान्त सम्म लागु हुने गरी देवघाट गाँउपालिका वडा नं ३ निवासी मोहन बहादुर थापा विच २०७७।८।४ मा भएको संझौतामा संझौता अवदी सकिएको ७ दिन भित्र पालिकाबाट वुझिलिएको रसिद बाँकी ठेली तथा प्रयोग भएको अर्धकट्टीको ठेली र आर्थिक विवरण कार्यालयमा उपलब्ध गराउनु पर्ने ब्यवस्था छ ।सि नं ०१ देखि ५०० सम्म का १० ठेली नगदी रसिद लगेकोमा ९ ठेली बुझाएको देखिन्छ ।वुझाएको ९ ठेलीको जोड जम्मा हेर्दा १५२७२० देखिन्छ भने राजश्व जम्मा भने रु १४७३५०। गरेको देखिएकाले घटि राजश्व दाखिला गरेको रु ५३७०। संञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।नगदी रसिदबाट भएको कारोवारमा कैफिएत देखिएकाले अन्य नगदी रसिदबाट प्राप्त राजश्व एकिन गर्नुपर्दछ । | ५,३७० |

| रसिद नं | असुली रकम रु | कैफिएत |
|---|---|---|
| ०१ देखि ५० सम्म | १७६०० | ४५१ नं मा बुझ्ने |
| ५१ देखि १०० सम्म | ७५०० | बुझाउनेको हस्ताक्षरनभएको । |
| १०१ देखि १५० सम्म | ६४०० | ४६१ नं रसिद रद्ध भनेको। |
| १५१ देखि २०० सम्म | ३२४७० | २५१ नं रसिद नदेखिएको |
| २०१ देखि २५० सम्म | ३३५५० | |
| २५१ देखि ३०० सम्म | १०५०० | |
| ३५१ देखि ४०० सम्म | १०००० | |
| ४०१ देखि ४५० सम्म | १२७०० | |
| ४५१ देखि ५०० | २२००० | |
| जम्मा | १५२७२० | |

६६.२ **राजश्व जम्माः** यस कार्यालयले आन्तिरिक नियन्त्रणको लागि मलेप फा.नं. ९०४(साविकफारम नं ११८) अनुसारको १७ कोलम खाता राख्नु पर्ने व्यवस्था छ।आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(९)(१०)मा प्रचलित कानुन अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार ब्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजश्वको लेखा राखी बैक दाखिला गर्नुपर्नेछ । रसिद नियन्त्रण खाता मलेप फारम नं ९०४ अनुसार अद्यावधिक गरी पुराना रसिद पनि सञ्चालनमा ल्याएकोले नयाँसँग यसको सि नं मिलेको देखिएको हुँदा नगदी रसिदको आम्दानी खर्च यथार्थपरक ढंगबाट राखिनुपर्दछ । रसिद नियन्त्रण खाता ब्यवस्थित गरी पुरानो रसिद र नयाँ छपाई रसिदको मौज्दात एकिन गर्नुपर्दछ । ।वडामा लगिएको नगदी रसिद समय मै पालिकामा फिर्ता गरेको देखिएन

| | | | | |
|---|---|---|---|---|
| | | | साथै नगदी रसिदबाट उठेको राजश्व बैक दाखिला भोली पल्ट नै गरेको देखिदैन।यसमा सुधार गरि राजश्व हिसाव चुस्त वनाउनु पर्दछ । | |
| ६७ | | | **त्रिशुली नदी भुवनटारघाट माथिल्लो खण्ड र कालीगण्डकी नदी कालीभतेरी घाट माथिल्लो खण्ड सम्बन्धी ठेक्का ब्यवस्थापन सम्बन्धी ब्यहोराहरु** | |
| ६७.१ | | | **ठेक्का ढिलाईको कारण राजश्व गुमेको**<br>ढुङ्गा गिट्टी वालुवा उत्खनन् बिक्रि तथा ब्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को नियम ४(९) उत्खनन् र संकलन गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएको शर्त ठेक्का शर्त अनुगमन समितिले दिएको निर्देशनहरु समेतको पालना गर्नु पर्नेछ ।<br>त्रिशुली नदी भुवनटार घाट माथिल्लो खण्ड र कालीगण्डकी नदी कालीभतेरी घाट माथिल्लो खण्डको लागि चालु आ व मा नयाँ ठेक्का ब्यवस्थापनका भुवनटार घाटको लागि ५१५७० घनमिटरको रु ९०९६९४८। र कालीभतेरी घाटको लागि ५०३१० घनमिटरको रु ८८७४६८४। प्रथम पटक २०७७।१०।१४ मा, दोस्रो पटक २०७७।१२।१३ मा र तेस्रो पटक २०७८।१।१० मा गरी तीन पटक बोलपत्र सुचना प्रकाशन गर्दा पनि कुनै वोलपत्र पेश नभएको कारण सोही घाटहरुसँग जोडिएका घाटहरुको लागि उत्खनन् गर्न कार्यदेश पाएको फर्म सन्ध्या निर्माण सेवालाई नै बाँकी उत्खनन् अवधीको हिसाव गरी ३० दिनमा २५० घनमिटरको दरले प्रति घाटको लागि जम्मा परिमाण ७५०० घन मिटरको लागि गाँउपालिकाले तोकेको राजश्व दर रेट प्रति घनमिटर रु २०० का दरले हुन आउने रकम रु १५०००००।का दरले माथि उल्लेखित दुई घाटको रु ३००००००।मा ठेक्का दिने २०७७।१।२७ को गाँउपालिकाको निर्णय अनुसार २०७८।२।२ मा सन्ध्या सन्देश निर्माण सेवासँग गरेको देखिन्छ । संझौताको वखत दुई घाटको रु २००००००। बुझाई बाँकी रु १००००००। जेष्ठ १५ गते बुझाउने उल्लेख छ ।ठेक्का बोलपत्र सुचना कार्यको लागि ३ महिना खर्च भएको देखिन्छ ।श्रावणबाट ठेक्का प्रक्रिया शुरु गरेको खण्डमा बढिमा असोज सम्ममा टुंगो लाग्ने देखिन्छ । त्यस समय पछि ठेक्का नलागेको भएपनि वार्ताद्वारा ठेक्का ब्यवस्थापन गर्दा दुवै घाटको १०१८८० घनमिटरको प्रति वर्ग फिट रु ५। को दरले हुन आउने रकम रु १७९७५४७९।प्राप्त हुने देखिन्छ । दुवै घाटको ७५०० घनमिटरको ठेक्का लागेको रकम ३००००००। घटाई हुन आउने बाँकी रकम रु १४९७५४७९। ठेक्का सुचना प्रक्रिया ढिलो भएको कारण राजश्व गुमेको अवस्था छ । प्रारम्भिक वातवरणिय परीक्षण प्रतिवेदनमा उल्लेखित उत्खनन् तथा संकलन गर्ने समय अवधीलाई मध्यनजर गरी ठेक्का ब्यवस्थापन गर्न पर्दछ । | |
| ६७.२ | | | **ढिलो रकम बुझाएकोमा हर्जनाः सन्ध्या सन्देश निर्माण सेवासँग** संझौताको वखत त्रिशुली नदी भुवनटार घाट माथिल्लो खण्ड र | ६०,८२२ |

| | | | | |
|---|---|---|---|---|
| | | | कालीगण्डकी नदी कालीभतेरी घाट माथिल्लो खण्ड दुई घाटको रु २०००००००। सम्झौताको वखत बुझाई बाँकी रु १००००००। २०७८ जेष्ठ १५ गते बुझाउने उल्लेख छ । दुवै घाट गरी रु १०००००० मिति २०७८।९।२७ मा बुझाएको देखिन्छ । बुझाउन बाँकी रु १००००००। जेष्ठ १५ गते देखि पौष २७ सम्मको प्रचलित सरकारी दर अनुसार १० प्रतिशतका दरले दामासाहीले हुन आउने रु ६०८२२। असुल हुनु गर्नुपर्दछ । | |
| ६८ | | | **योजना तर्जुमा र कार्यान्वयन** | |
| ६८.१ | | | **योजना सुची तयार नगरेको:** स्थानीय सरकार सञ्चालन, ऐन २०७४ को दफा २४ (४) गाउपालिका तथा नगरपालिकाले योजना बनाउदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नु पर्ने व्यवस्था छ । सम्पुर्ण आयोजना तथा योजनाहरु एक वर्षे रुपमा स्वीकृत गरी कार्यान्वयन गरेको देखिन्छ भने कतिपय आयोजनाहरु आर्थिक वर्षमा नसकिएकोमा अर्को वर्षमा सारी क्रमागत योजना भनी कार्यान्वयन गरेको पाईन्छ । स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाउने सन्दर्भमा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नु पर्नेमा सो गरेको पाईएन । मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची बनाई विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास तथा कार्यक्रम कार्यान्वयनमा ल्याउनुपर्दछ | |
| ६८.२ | | | **योजना तर्जुमा तथा कार्यान्वयन:**स्थानीय सरकार सञ्चालन, ऐन २०७४ को दफा २४ (३) मा गाउपालिका तथा नगरपालिकाले योजना बनाउदा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त, गर्न सकिने आम्दानी र रोजगार बढ्ने, लागत सहभागिता जुट्ने, स्थानीय श्रोत साधन र सीपको प्रयोग, समावेशी विकासमा योगदान, दीगो विकास र वातावरणीय संरक्षण, स्थानीय भाषिक, सांस्कृतिक विकास जस्ता विषयलाई प्राथमिकता दिनु पर्ने ब्यवस्था छ । सो कुरालाई मध्यनजर गरी आयोजना प्राथमिकता गरेको पाईएन । कानुनमा भएको ब्यवस्था परिपालना गरी दिगो विकास तथा गरिवी निवारणमा सहयोग पुग्ने आयोजना प्राथमिकिकरण गरी कार्यान्वयनमा ल्याउनुपर्दछ । | |
| ६८.३ | | | **ठेक्का ब्यावस्थापनमा ढिलाई:** सार्वजनिक खरिद नियमावली, २०६४ (८) (१) (ग)मा खरिद कारबाहीको समय तालिका उल्लेख गर्नुपर्ने ब्यवस्था छ । सो अनुसार खरिद योजना बनाई खरिद कारबाहीको समय तालिका उल्लेख गरेको देखिदैन।निम्नानुसारको ५० लाख भन्दा माथीको निर्माण कार्य खरिद संझौता महिना पछि गरेको देखिन्छ । खरिद संझौता प्रथम चौमासिक भित्रै सम्पन्न | |

गरी निर्माण कार्य समय तालिका अनुसार गर्नुपर्दछ ।उदाहरणको रुपमा निम्न लिखित पचास लाख माथीको ठुला ठेक्का ब्यवस्थापनलाई लिन सकिन्छ।

| निर्माण कार्य | संझौता मिति | सम्पन्न गर्नुपर्ने मिति | भ्याट सहित लागत अनुमान रु | संझौता रकम रु | खर्च रु | कैफिएत |
|---|---|---|---|---|---|---|
| १० बेडे अस्पताल | २०७८।१।२२ | २०८०।१।२१ | १२८३३९६५३।३९ | ७७८५२७१८।५९ | ६८८९६२१ | पेश्की |
| गाँउपालिका प्रशासनिक भवन | २०७७।३।२२ | २०७९।३।२२ | ९२६०४६४७।३५ | ६०७६७०९६।९६ | १५८२५०८८ | |
| घण्टाचुली पर्यटन क्षेत्र विकास कार्यक्रम | २०७८।३।२९ | २०८०।३।२८ | ५८५०९१३९।६६ | २९४२३८९६।१८ | ० | |

| | | | | |
|---|---|---|---|---|
| ६९ | | | **तालिम सञ्चालनः**<br>कार्यसञ्चालन निर्देशिका २०७७ को ७.१.१५ मा सवै प्रकारका तालिम गोष्ठी सेमिनार कार्यशाला सम्वन्धी खर्चको मापदण्ड एवम् भ्रमण खर्च वारे व्यवस्था रहेको छ। जसअनुसार सरकारी निकायले तालिम कार्यक्रम सञ्चालन गर्दा तालिम सञ्चालन गर्ने स्थानमा कुनै सरकारी निकायको छात्रावास भएमा त्यस्तो निकायले तोकेको दरमा छात्रवास प्रयोग गर्न सकिने तर अल्पकालिन तालिमका लागि होटल वा सोहि प्रयोजनका लागी घरभाडा खर्च लेख्न नपाइने उल्लेख छ। कार्यालयले मिति २०७७।१२।१३ देखि १६ गते सम्म ३४ जना कर्मचारी सहभागी भएको शुसाशन प्रर्वद्धन क्षमता विकास कार्यक्रम कर्मचारी तालिम कार्यक्रम होटलमा गरी गरी भौ नं ४०४ र ४०५ वाट रु४५५०००।०० खर्च लेखेको छ । कार्यालयले तालिम कार्यक्रम गर्दा मितव्ययी तरिकाले गर्नुपर्नेमा होटलमा तालिम कार्यक्रम गरी खर्च लेख्नु उचित देखिदैन।यस्तो तरिकाले खर्च गर्ने परिपाटीमा पुर्णरुपमा सुधार गर्नुपर्दछ । | |
| ७० | 681 | २०७८-३-२८ | **अनुगमन भत्ताः**<br>गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीमा पदाधिकारीलाइ मासीक रुपमा अनुगमन वापत भत्ता दिने गरेको देखिन्छ र त्यसवाहेक अनुगमनको नाममा अन्य सुविधा दिएको छैन भने कर्मचारीलाइ अनुगमन गरेको भनि भत्ता दिने कानुन छैन साथै नेपालको संविधानले वित्तीय अनुशासन कायम गर्ने सम्वन्धी कुरा संघीय कानून अनुसार हुने उल्लेख गरेको छ । तर यस स्थानीय तहले आफैले एक अनुगमन समिती गठन गरी अनुगमन मुल्यांकन समितिको वैठक वसेको भनि जनप्रतिनिधिर कर्मचारीलाई रु ३०१०००।०० भत्ता भुक्तानी गरेको छ ।अनुगमन सम्वन्धमा अन्य कानुनमा | |

| | | | | |
|---|---|---|---|---|
| | | | यसरी भत्ता दिने व्यवस्था नभएको र कर्मचारीको हकमा समेत यस्तो भत्ता पाउने कुनै कानूनी आधार नभएकोमा भत्ता वितरण गरेको छ ।यस प्रकारको खर्चमा पुर्ण रुपमा सुधार गर्नुपर्दछ। | |
| ७१ | | | **परामर्श सेवा खरिदः**<br>पालिकाको कार्यालयले यस बर्ष तपिसलका डि.पि.आर कार्यका लागि विभिन्न परामर्श दातासँग सम्झौता गरी देहायअनुसार परामर्श खर्च लेखेको छ। | |

| भौ नं | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|
| १९३ | त्रिशुली नदिका २ घाटको प्रारम्भिक वातावरणीय परीक्षण | २९८९९९ |
| ४०० | आधारभुत अस्पतालको इ विडिङको मुल्यांकन गर्न | १००००० |
| ४९५ | पर्यटन प्रर्वद्धन वृतचित्र निर्माण | ४८३०६३ |
| ५३६ | घप्टेचुली पर्यटक क्षेत्र डी पि आर | ४९३८१० |
| ६३८ | आधारभुत तह परिक्षा तथा नतिजा अनलाइन गर्न | १०१७०० |
| ६६१ | घप्टेचुली पर्यटक क्षेत्रको वोलपत्र मुल्यांकन गर्न | १००००० |
| ६६० | प्रशासिकय भवनको प्राविधिक परामर्शदाता | ३६००० |
| ६६८ | देवघाट गापाको वृतचित्र निर्माण तथा प्रशारण | ४८३०६३ |
| ६७६ | ल्याण्डफिल्ड साइटको डि पि आर | ३०६१९१ |
| | चक्रवर्ती सामुदायिक ग्रिन पार्क, देउपुरको लागत ईस्टिमेट (DPR) निर्माण कार्य | 494940 |
| | जम्मा | २८९७७६६ |

यस सम्वन्धमा निम्नानुसार देखिएको छ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत बर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्न अन्य निकायले तयार पारेको नर्म्स, आदि कुरा लाई आधार मानि लागत अनुमान तयार गर्नु पर्ने उल्लेख

| | | | | |
|---|---|---|---|---|
| | | | छ। पालिकाले स साना परामर्श सेवा खरिदमा माथि उल्लेखित आधार वेगर फर्मसँग दररेट माग गरी लागत अनुमान तयार गरको कारण लागत अनुमान यथार्थ परक छैन।<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका जनशक्तिले गर्न नसक्ने कार्य भएमा मात्र परामर्शदातावाट काम गराउन सकिने उल्लेख छ। पालिकाको कार्यालयमा प्राविधिक कार्यमा संलग्न थुप्रै जनशक्ति मौजुदा रहेकोमा सो जनशक्तिको उपयोग नगरी बाह्य परामर्शदाताबाट खरिद सम्झौता गरी खर्च गरेको कारण सेवा खरिद कार्यमा पालिका लाई २४०२८२६।०० थप व्ययभार परेको छ। आफनो जनशक्तिबाट हुन सक्ने कार्यमा बाहय जनशक्ति प्रयोग गरिनु हुदैन।पालिकाको कार्यलयले यस बर्ष योजनागत खर्च शिर्षकमा एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या अनुसार पुजीगत खर्च शिर्षकमा राखी वजेट विनियोजन गर्नुपर्नेमा चालुमा राखी कार्यक्रम तयार गरेको छ भने चालुमा राखेकोमा समेत कुन कार्यक्रम हो नखुलाइ एकमुष्ट रुपमा सेवा तथा परामर्श शिर्षकमा वजेट राखेको छ। परामर्श सेवाको लागि योजनागत रुपमानै बजेट पारित नगरी एकमुष्ट परामर्श खर्च गर्ने कार्यमा नियन्त्रण गरिनुपर्दछ। | |
| ७२ | 636 | २०७८-३-२३ | **सामाजिक परीक्षणः**<br>सरकारी खर्चमा मितव्ययीता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन २०७५ को वुँदा नं १८ ले कार्यालयले गर्नुपर्ने काम परामर्शदातावाट गराउने कार्यलाइ निरुत्साहित गर्नुपर्ने उल्लेख छ भने नेपालको संविधानले आर्थिक अनुशासन कायम गर्ने कुरा संघीय सरकारको कानून वमोजिम हुने उल्लेख छ । कार्यालयले सामाजिक परीक्षणको काम गैरसरकारी सस्था समन्वय समितीलाई दिई रु.१९७७५०।०० भुक्तानी गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| ७३ | 598 | २०७८-३-१५ | **वढी भुक्तानीः**<br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ५७(१) मा सरकारी कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने विल भरपाई तथा अन्य कागजात सिलसिलावद्ध रुपमा राख्नु पर्ने व्यवस्था भएकोमा कार्यालयले एकिकृत सम्पती कर, आय लेखा र भुमिकर सम्वन्धी सफ्टवेयरको मर्मत सम्भार तथा वार्षिक शुल्क भुक्तानी गर्दा ३ वटा सम्झौताको मुल्य रु.९७१८००।०० को २० प्रतिशत रकम रु.१९४३६०।०० र मु अ कर रकम रु२५२६६।०० गरी जम्मा रु.२१९६२६।०० भुक्तानी गर्नुपर्नेमा रु.२५९६०६।०० भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु | ३९,९७९ |
| ७४ | | | **आन्तरिक लेखारीक्षणका व्यहोरा**<br>आन्तरिक लेखापरीक्षणमा देखिएका व्यहोरा देहायवमोजिम छन् । | १२,१५० |

| भौ नं | विवरण | रकम |
|---|---|---|
| ६३२ | जय मा दर्गा भवानी नर्सरी फर्मलाई भुक्तानी दिँदा कोटेशन दर भन्दा वढी भुक्तानी भएको असुल रु | ३००० |
| ६६७ | कृषक पाठशाला संचालनकार्यक्रममा आवश्यक विलभरपाई नभएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ९१५० |
| २१२ | लद्यु उद्यम विकास कार्यक्रममा वंगुरका पाठापाठि वितरण जस्ता कृषिका कार्यक्रम गर्नुभन्दा अन्य कार्यक्रम गर्न उपर्युक्त देखिने । | |

७५

संपरीक्षण तथा अनुगमन

**अनुगमन तथा सम्परीक्षण**– स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । बाँकी वेरुजु समेत फछ्र्यौट गरी संपरीक्षणको लागि पेश गर्नुपर्दछ । हालसम्मको कुल वेरुजुको स्थिति देहायअनुसार छः

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) | यो वर्षको बेरुजू(D) | संपरीक्षणबाट कायम बेरुजू(E) | अध्याविधक बाँकी बेरुजू (F=C+D+E) |
|---|---|---|---|---|---|
| १९३८३ | ० | १९३८३ | 17864 | 0 | 37250 |